Mirmire Ujyaalo Dainik

# दैनिक मिर्मिरे उज्यालो

जि.प्र.का दर्ता नं. ३१५/०७९/०८० / जि.हु.का दर्ता नं. १९७/०७९/०८०

- विज्ञापनको लागी ।
- ग्राहाक बन्नु परेमा ।
- पत्रिका नियमित नआएमा ।
- ठेगाना परिवर्तन भएमा ।
- लेख वा कविता प्रकाशित गराउनु परेमा ।
- अन्य कुनै सुझाव भएमा।

सम्पर्क नं.- ९८२७२६५५०४


वर्ष - ०१ / अंक १६३ | वि.स. २०८० साल | माघ १५ सोमबार | Monday, Jan 29, 2024 | पृष्ठ संख्या ४ / मूल्य : ५ रुपैयाँ /-

## विवादित मेयरको महायज्ञमा राष्ट्रिपति अतिथि !

*वीरगंज, १४ माघ ।*

वीरगंज महानगरका विवादित मेयर राजेशमान सिंहको धार्मिक कार्यक्रममा राष्ट्रपतिलाई प्रमुख अतिथि बनाउन लागिएको छ । अर्थ मन्त्रालयले रोक लगाएको चिनी कारखानाको जग्गामा मेयर सिंहले माघ २८ गते महायज्ञ लगाउन तयारी सुरु गरेका छन् ।

नक्कली बाबु बनेर नागरिकता दिएको आरोपमा प्रशासनले छानबिन गरिरहेको विवादित मेयर नेतृत्वको महायज्ञमा राष्ट्रपति रामचन्द्र पौडेल प्रमुख अतिथि हुने भन्दै वीरगंजमा प्रचार गरिएको छ। जानकारहरुका अनुसार आफ्नो विवाद ढाकछोप गर्न मेयरले धार्मिक कार्यक्रमको आयोजना गरेका हुन र त्यसमा राष्ट्रपतिलाई अतिथि बनाउने भनिएको छ ।




सरकार विभिन्न निकायले भोग चलन नगर्न भनेको सरकारी स्वमित्वको चिनी कारखानाको जग्गामा महायज्ञको तयारी गरिएको छ । अर्थ मन्त्रालयले २०८० मंसिर २२ गते पत्र लेख्दै चिनी कारखानाको जग्गामा भइरहेको अतिक्रमण रोक्न वीरगंज महानगरपालिकालाई निर्देशन दिएको थियो । तर, मेयर राजेशमान सिंहले माघ २८ गतेका लागि सीताराम संगकिर्तन १०८ कुण्डीय बिष्णु महायज्ञ सोही स्थानमा गराउन लागेका छन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालय वीरगंजबाट संरक्षण तथा रेखदेख हुँदै आएको महानगरको माताहतमा नरहेको चिनी कारखानाको क्षेत्रभित्र महानगरपालिकाले शिवको मूर्ति स्थापना, मन्दिर सौन्दर्यीकरण, विभिन्न मण्डप, कुण्ड निर्माणको काम गरिरहेको छ । अर्थ मन्त्रालय,समान्य प्रशासन मन्त्रालय र उद्योग मन्त्रालयले सो स्थनमा स्थायी निर्माण कार्य नरोकिए स्थानीय प्रशासन ऐन बमोजिम कारबाहीको चेतावनी दिदैं कारखानाको जग्गामा भइरहेको निर्माण रोक्न, अतिक्रमण हुन नदिन पत्राचार गरेको थियो ।

अर्थ मन्त्रालयले पत्रमा भनेको थियो,'स्थानीय प्रशासन ऐन २०२८ को दफा ५(५) मा जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने काम, कर्तव्य अधिकार प्रमुख जिल्ला अधिकारीको भएको र सार्वजनिक जग्गा

बाँकी तेस्रो पृष्ठमा

## सौन्दर्यकरणका लागि जडान गरिएको बत्ती फेरि तोडफोड



*वीरगन्ज, १४ माघ ।*

वीरगन्ज महानगरपालिकाले सौन्दर्यकरणका लागि घण्टाघरमा जडान गरेको आकर्षक बत्ती फेरि तोडफोड गरिएको छ ।

घण्टाघरलाई उज्यालो र आकर्षक बनाउन लगाइएको बत्ती शनिबार राति फेरि तोडफोड गर्नुका साथै विद्युत प्रवाहका लागि लगाइएको तार काटेर बिगारेको अवस्थामा भेटिएको हो। यसअघि पनि घण्टाघरमा लगाइएको बत्ति तोडफोड भएको थियो।

महानगरपालिकाले घण्टाघरको सौन्दर्यीकरण कार्यक्रमअन्तर्गत घण्टाघरको रंगरोगन गर्नुका साथै बिजुली बत्तीको आकर्षक साजसज्जा गरेको थियो । सौन्दर्यीकरण गरिएपछि रातको समयमा बत्तिको साजसज्जाले घण्टाघर परिसर आकर्षक देखिने गरेको छ ।

सौन्दर्यीकरणपछि घण्टाघरलाई पृष्ठभूमिमा राखेर तस्बिर खिच्ने तथा भिडियो बनाउनेहरूको

बाँकी तेस्रो पृष्ठमा

## मधेशमा कुष्ठरोग प्रमुख समस्या




*बर्दिबास, १४ माघ ।*

नेपाललाई सन् २०१० मै कुष्ठरोगमुक्त मुलुक घोषण गरिए पनि मधेशमा भने यो रोग अझै प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको छ । ७१ औं विश्व कुष्ठरोगविरुद्धको दिवसको अवसर पारेर मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले दिएको जानकारी अनुसार यहाँका ८ वटै जिल्लामा गरी ९४५ जना यसका रोगी छन् ।

प्रदेश स्वास्थ्य निर्देशक डा. राजीव झाका अनुसार आव ०७९/८० को असारसम्म मधेश प्रदेशको राजधानीसमेत रहेको धनुषा जिल्ला सबैभन्दा बढी प्रभावित छ । धनुषामा १६७ जना कुष्ठ रोगी पहिचान गरिएको उहाँले बताउनुभयो । त्यस्तै, रौतहटमा १५३ जना, सर्लाहीमा १२३ जना, सिराहामा ११८, पर्सामा ११३, बारामा १०९ र सप्तरीमा सबैभन्दा कम ६८ जना कुष्ठरोगी रहेको जनाइएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले प्रति १० हजार मानिसमा एक जनाभन्दा कममा यो रोग झारी निवारण गर्ने लक्ष्यलाई नेपालले पनि

बाँकी तेस्रो पृष्ठमा

## युवा तथा खेलकुद मन्त्रालयको प्रदेश पत्रकारिता प्रोत्साहन पुरस्कार पत्रकार तिवारी यादवलाई

*वीरगञ्ज, १४ माघ ।*

युवा तथा खेलकुद मन्त्रालयले प्रदान गर्ने प्रदेश तर्फको पत्रकारिता प्रोत्साहन पुरस्कार पर्साका पत्रकार तिवारी यादवले पाउने भएका छन । नयाँ पत्रिका दैनिकका पर्सा संवाददाता यादवले अगामी माघ १७ गते युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बुको हातबाट उक्त पुरस्कार पाउने युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ । मन्त्रालयले खेलकुद क्षेत्रमा कलम चलाउने क्रियाशील पत्रकारलाई प्रतिस्पर्धाका आधारमा हरेक वर्ष पुरस्कार प्रदान गर्दै आएको छ। मन्त्रालयले आवेदनको मूल्यांकनका आधारमा मधेश प्रदेशबाट यादवलाई छनोट गरेको छ। पुरस्कारको राशि रु २५ हजार र सम्मानपत्र छ। यादव नेपाल खेलकुद पत्रकार मन्च पर्साका अध्यक्ष हुन । उनी एक दशक देखि पत्रकारितामा क्रियाशील छन्।

## पटेर्वा सुगौलीगाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

पटेर्वा सुगौली ,पर्सा

मधेश प्रदेश,नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशितमिति: २०८०/१०/१५**

यस कार्यालयबाट मिति २०८०/०९/१३गते प्रबलवाणी दैनिकमाप्रकाशित सूचनाबमोजिम देहायकार्काय गर्नको लागि रित पूर्वक दर्ता हुनआएको दरभाउपत्रहरु मध्ये तपसिलबमोजिमको दरभाउपत्रन्युनतममूल्याङ्कि सारभूत रुपमाप्रभावग्राहीभई यस कार्यालयको मिति २०८०/१०/१२को निर्णयानुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिकखरिद ऐन, २०६३ को दफा २७को उपदफा २ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीको लागि यो सूचनाप्रकाशितगरिएको छ ।

**तपसिल :**

| सि.न | ठेक्का नं. | कार्यको विवरण | कबोल अंङ्क ( मू.अ.कर समेत) | सारभूत रुपमाप्रभावग्राहीफर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १ | 01/PSRMUN/WORKS/2080/081 | Incomplete Road Construction Work, Ward-4 (Pathraiya) | १४,१४,२९७५० | श्री अंशु निर्माण सेवा, पटेर्वा सुगौली -४ पर्सा |
| २ | 03/PSRMUN/WORKS/2080/081 | Compound Wall Construction Work, Ward-1 (Office) | १४,२०,३६९।३४ | श्री टेढीमाई सहज निमार्ण सेवा, पटेर्वा सुगौली -३, पर्सा |
| ३ | 04/PSRMUN/WORKS/2080/081 | Drain Construction Works, Ward-5 (Main Road Maniharwa) | १८,८४,८८२।९२ | नारायण निमार्ण सेवा, पटेर्वा सुगौली -५, पर्सा |

**प्रमुखप्रशासकीयअधिकृत**

# सडक व्यापार : निषेध होइन, नियमन

राजुप्रसाद चापागाईं

सडक व्यापार गर्ने नागरिकप्रति राज्यको व्यवहारलाई मानव अधिकारमैत्री बनाउन संघीय सरकारले ठोस पहलकदमी लिन धेरै विलम्ब भइसकेको छ ।

सडक व्यापारीप्रति स्थानीय तहको तानाशाही दिन-प्रतिदिन बढ्दो छ । स्वरोजगारका माध्यमले जीविकोपार्जन गर्ने यो वर्गमाथिको थिचोमिचो र अत्याचार गर्न स्थानीय तहमा देखासिकी छ । अपवादका रूपमा उपत्यकाबाहिरका कतिपय पालिकाले सडक व्यापारलाई आर्थिक ऐनका माध्यमबाट करको दायराभित्र ल्याएका छन् । बर्दघाट नगरपालिकाले त केही वर्षअगाडि बजेट छुट्याएर ठेलागाडासमेत किनिदिएका छन् ।

तर देशभरिका पालिकाका लागि उदाहरण बन्नुपर्ने काठमाडौं महानगरपालिकामा सडक व्यापारीप्रति असहिष्णुताको पराकाष्ठा देखिएको छ । पछिल्लो समय ललितपुर, पोखरालगायत पनि असहिष्णु बन्दै गएका देखिन्छन् । समाजवाद र सामाजिक न्यायका मान्यताअन्तर्गत स्थापित पालिकाहरूले सडक व्यापारलाई निरपेक्ष रूपमा निषेध गरेर जाने नीति अवलम्बन गर्नु खेदजनक छ ।

सबै जनताको हकहित संरक्षणको अन्तिम संवैधानिक दायित्व संघीय सरकारको हो, तर यो मामिलामा ऊ मूकदर्शक बन्दै आएको छ । पालिका सरकारका ज्यादतीप्रति जानाजान आँखा चिम्लेको छ । संघीय प्रणालीको ताजा फलका रूपमा अस्तित्वमा आएको प्रदेश गुमनाम छ । पीँधका नागरिकको जीवननिर्वाहको यो सवालमा आफ्नो सरोकार रहनुपर्छ भन्ने होससम्म उसलाई छैन । समष्टिमा हेर्दा, सडकमा स्वरोजगार गरेर जीविकोपार्जन गर्ने वर्ग शासकीय असंवेदनशीलता र बेइमानीको सिकार भएको छ, यति बेला । द्वन्द्वोत्तर संविधान कार्यान्वयनको यो चरणमा हुनुपर्ने त अर्कै थियो । जनताका जनजीविकाका सवालमा पालिका सरकार सबैभन्दा बढी उदार हुनुपर्थ्यो । संघ, प्रदेश र स्थानीय तहमा ती जनताका भोट पाएर आएका जनप्रतिनिधि छन् ।




तहगत सभा र तिनका समितिहरू छन् । तर नयाँ होऊन् वा पुराना, कुनै सभासद्लाई यो विषय उठाउने फुर्सद छैन । सभामा प्रस्ताव लान, सरकारलाई प्रश्न गर्न, निगरानी बढाउन उनीहरू आवश्यक नै ठान्दैनन् । कारण सहजै अनुमान गर्न सकिन्छ । यो गरिखाने वर्गले तिनीहरूको चुनावी जितहारमा तात्त्विक असर पार्दैन । यो वर्गका मानिसले चुनाव लड्न र उनीहरूका अरू स्वार्थ पूरा गर्न मनग्गे धनदौलत खर्चिन सक्दैनन् ।

मानव अधिकार संरक्षणको संवैधानिक कार्यादेशधारी राष्ट्रिय मानवअधिकार आयोग छ, जो आन्तरिक झगडा तथा पदाधिकारी नियुक्ति विवादसृजित वैधता संकटको भुमरीमा छ । नैतिक बल गुमाएका आयुक्तहरूका कारण मूर्च्छिछत देखिन्छ । नाकैमुनि राज्यको ज्यादतीका कारण रोइरहेका नागरिकको आँसु ऊ देख्दैन । चित्कार सुन्दैन र उनीहरूको दुःखेसो महसुस गर्न सक्दैन ।

सुकुम्बासी, भूमिहीन, आवासविहीन, चरम बेरोजगार र गरिबीमा पिल्सिएका नागरिकलाई पिरोल्ने गरी राज्यबाटै भइरहेका ज्यादती शास्त्रीय मानव अधिकार रक्षकहरूका लागि पनि प्राथमिकता बन्दैनन् । अन्तरसमूहताको दृष्टिबाट महिला, अपांगता भएका र सीमान्तकृत वर्ग र समुदायका व्यक्तिहरू असमानुपातिक रूपमा प्रताडित बनेका छन् । तर त्यस क्षेत्रमा क्रियाशील संस्थाहरूको प्राथमिकतामा यो विषय परेको छैन । मानव अधिकारको तराजुमा हुनेखाने वर्ग र पाखुरा बजारेर जीविकोपार्जन गर्ने जनताको मानवीय मर्यादाको ओजन एउटै हो भन्ने तिनीहरूले नपढेका वा नजानेका होइनन् । तर अधिकांशको व्यवहार ठ्याक्कै उल्टो छ । समाजवादको झ्याली पिटेर सरकारमा पुगेकादेखि अधिकारको कुरा उठाउँछौं भन्नेहरूसम्म सबैलाई वर्गीय चिन्तनले गाँजेको छ ।

न्याय सुनिश्चित गर्ने अन्तिम साँचो लिएर बसेको शक्तिशाली सर्वोच्च न्यायालय छ । त्यसको कर्मचारी प्रशासन कुनै पपुलिस्ट एजेन्डामा सार्वजनिक सरोकारको मुद्दा लिएर गयो भने एकै विषयमा एकै दिन दर्जन निवेदन दर्ता गर्न तयार हुन्छ, तर सार्वजनिक सरोकारको विवादको क्षेत्राधिकार अस्तित्वमा आउनु पछाडिको कारकका रूपमा रहेको 'पींधमा रहेका जनताको सामाजिक-आर्थिक न्यायको संरक्षण र प्रवर्द्धन' का सवाल समेटिएका निवेदन ऊ सहजै दर्ता गर्दैन । दरपीठ गर्छ ।

दरपीठ आदेश बदर गराएर दर्ता गरिएको निवेदनमा भएको सकारात्मक आदेशसमेत अवज्ञा गर्न ऊ पछि पर्दैन । प्रकारान्तरले न्यायको बाटो अलमल्याउने काम उसबाट हुन्छ । संयोजिता आचार्यसमेतविरुद्ध काठमाडौं महानगरपालिकाको कार्यालयसमेत ( ०७९ डब्ल्यूओ ०९९१) यस सन्दर्भको एउटा उदाहरण हो । सडक व्यापारीहरूको हकहितप्रति महानगरपालिकालाई जवाफदेह बनाउन माग गरेर केही नवोदित कानुन व्यवसायीहरूले सार्वजनिक सरोकारको मुद्दा दायर गर्न प्रयास गरेका थिए ।

उनीहरूको निवेदनमा हकदैया (मुद्दा दायर गर्ने अधिकार) को प्रश्न उठाएर सर्वोच्च प्रशासनले रिट दर्ता गर्न इन्कार गऱ्यो । निवेदकहरूले दरपीठ आदेशलाई चुनौती दिए । एकल इजलासले दरपीठ आदेश बदर गरिदियो । रिट दर्ता भयो । प्रारम्भिक सुनुवाइपछि कारण देखाऊ आदेश जारी भयो । अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयको छलफलपश्चात् रिट निवेदनको गाम्भीर्यलाई ध्यान दिएर शीघ्र सुनुवाइमार्फत मुद्दा टुंग्याउन संयूक्त इजलासले आदेश दियो ।
न्यायाधीश अनिल कुमार सिन्हा र कुमार चुडालको संयुक्त इजलासको २०८० वैशाख २४ को आदेशमा भनिएको छ, 'निवेदकहरूले उठाएको विषय व्यक्तिको संवैधनिक हकसँग सम्बन्धित देखिएको छ । रोजगारीलगायत जीवनयापनका विषयमा नेपालको प्रत्येक निकाय संवेदनशील हुनुपर्ने तथा यस्ता विषयमा संघ, प्रदेश तथा स्थानीय सरकारबीच समन्वयको समेत आवश्यकता रहेको सम्बन्धमा विवाद हुन सक्दैन । अतः प्रत्यर्थीहरूबीच यस विषयमा केकस्ता छलफल तथा समन्वय भएका छन् ? कस्ता कार्ययोजना तथा रोजगारीका वैकल्पिक व्यवस्थाहरू तयार भएका वा हुने प्रक्रियामा रहेका छन् भन्ने सम्बन्धमा विस्तृत जानकारी लिई पूर्ण सुनुवाइमा पेस गर्न उपयुक्त देखिएको हुँदा निवेदकले उठाएको समसामयिक विषय तथा त्यसको वैकल्पिक उपायहरूसहितको समन्वयात्मक कार्ययोजना लिई उपस्थित हुन प्रत्यर्थीहरूलाई जानकारी दिई पूर्ण सुनुवाइका लागि मिति २०८० जेठ २८ गते पेसी तोकी तथा सो मिति वा तत्पश्चात् पनि पूर्ण सुनुवाइ हुन नसकेमा बढीमा १५ दिनभित्रको पेसी तोकी नियमानुसार गर्नुहोला ।'

सारभूत र कार्यविधिगत दुवै हिसाबले उल्लिखित आदेश विवेकसम्मत देखिन्छ । पहिलो, अदालतले सडक व्यापार मौलिक हकसँग जोडिएको विषय हो भन्ने स्पष्ट पारेको छ । दोस्रो, जनताको रोजगारी र जीवनयापनका विषयमा राज्यको प्रत्येक निकाय संवेदनशील हुनुपर्नेतर्फ सजग गराएको छ । तेस्रो, सडक व्यापर कुनै एक तहको एकल विषय नभएर तीनै तहको समन्वय र सहकार्यमा सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट पारेको छ । चौथो, रोजगारी वा जीविकोपार्जनका विकल्प नदिईकन सडक व्यापारलाई निषेध गर्न हुँदैन भन्ने न्यायिक बुझाइ आदेशमा स्पष्ट झल्किएको छ ।

पाँचौं, व्यवस्थापनका वैकल्पिक उपायहरूसहितको समन्वयात्मक कार्ययोजना लिएर विपक्षी निकायहरू पूर्ण सुनुवाइमा उपस्थित हुनुपर्ने गरी किटानी गरेको छ । छैटौं, सुनुवाइमा विलम्ब नहोस् र सडक व्यापारीले भोगेको समस्याले छिटो न्यायिक निकास पाओस् भन्नेमा इजलासको संवेदनशीलता प्रकट भएको छ । सोही कारणले शीघ्र सुनुवाइ सुनिश्चित गर्ने प्रबन्ध आदेशमा छ । २०८० जेठ २८ लाई पूर्ण सुनुवाइ हुने दिन निश्चित गरिएको देखिन्छ ।

कारणवश तोकिएको मितिमा सुनुवाइ हुन नसक्ने स्थिति बन्यो भने कसरी पेसी तोक्ने भन्ने पनि आदेशमा स्पष्ट छ । अदालतले किटेरै बढीमा १५ दिनभित्रको पेसी तोकी नियमानुसार न्यायनिरूपणका लागि मार्गप्रशस्त गर्न अदालत प्रशासनलाई अह्राएको देखिन्छ । सर्वोच्च अदालतको वेब पोर्टलमा राखिएको यो मुद्दाको प्रक्रियागत विवरणले नै उक्त महत्त्वपूर्ण आदेशको पालना नभएको वा उल्लंघन भएको देखिन्छ ।
त्यो एउटा मात्रै घटना होइन । प्रवृत्तिगत समस्या रहेछ भन्ने कुरा अर्को एक घटनाले पनि पुष्टि गर्छ । थापाथलीस्थित भूमिहीन सुकुम्बासी बस्तीमा हठात् उठिबास लगाउन महानगरले जारी गरेको सातदिने सूचनाविरुद्ध उठिबासको त्रासमा रहेका बासिन्दाका तर्फबाट प्रस्तुत गरिएको रिट निवेदन दर्ता गर्न खास कारणबिना नै प्रशासनबाट आनाकानी भई नै रह्यो ।

उठिबास रोक्न अन्तरिम आदेशबाहेक अर्को उपाय थिएन । त्यो निवेदनलाई उच्च अदालत पाटन लगेर दर्ता (०७९ डब्ल्यूओ १२६७) गरी एकल इजलासबाट अन्तरकालीन आदेश पाएपछि सुकुम्बासी बस्तीमा महानगरको डोजर आतंक टरेको थियो । सडक व्यापार व्यवस्थापनका सन्दर्भमा सर्वोच्च अदालतको संयुक्त इजलासको २०८० वैशाख २४ को आदेश पालना भइदिएको भए समस्याले उहिल्यै निकास पाउने थियो । उनीहरूप्रति स्थानीय सरकारको पनि दायित्व हुन्छ भनेर सम्झाउन ई: जस्ता सामाजिक अभियन्ताले स्वास्थ्यलाई धरापमा पारेर त्यतिका दिन उभिनुपर्ने स्थिति आउने थिएन ।

सडक व्यापार निषेध नगर, यथोचित नियमन गर भन्नु कुनै अनर्गल माग हुँदै होइन । सहरलाई व्यवस्थित बनाउने नाउँमा सडक व्यापारीमाथि गरिएको ज्यादतीलाई कहीँकतै संविधान र कानुनले वैधता दिँदैन । विकल्प नदिईकन व्यापार-व्यवसायबाट खेदाउने कार्यले नागरिकको जीवनमा विपत्ति ल्याउँछ । उनीहरूलाई भोकमरी, आवासविहीनता, बेरोजगारी र चरम गरिबीको जोखिममा धकेल्छ । यसो गर्नु संवैधानिक तथा मानव अधिकार दायित्वको गम्भीर उल्लंघन हो । दिगो विकास लक्ष्य, समाजवाद र सामाजिक न्यायको संवैधनिक अभीष्टमाथि तुषारपात हो । कतिपय कानुन (जस्तै– खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन-२०७५) ले जीविकोपार्जनको आधारबाट विमुख पारेर भोकमरीको जोखिममा धकेल्ने ज्यादतीपूर्ण व्यवहारलाई कसुरजन्य मानेको छ ।

पीडितले साँच्चिकै न्याय खोज्ने र अख्तियारप्राप्त निकायले न्याय दिने हो भने देवानी मात्रै होइन, फौजदारी कानुनअन्तर्गत पालिकाका अधिकारी जवाफदेह बन्नुपर्ने हुन्छ । हेक्का राख्नुपर्ने कुरा के छ भने, संविधानको शिरमा अंकित समाजवाद र सामाजिक न्यायको प्रतिज्ञा कोरा

बाँकी तेस्रो पृष्ठमा

# धर्म र राजनीति

लोकराज बराल

धर्मले संकुचित राजनीतिक हतियारको रूप लियो भने अरू धर्म र सम्प्रदाय पनि यसको प्रतिकारमा उत्रिने सम्भावना रहन्छ ।

लोकतन्त्रमा धर्म भनेको जनप्रेमी, दया र करुणाको अभ्यास गर्नु हो । मलाई कर्मकाण्डमा विश्वास छैन तर आफूलाई अधर्मी ठान्दिनँ, किनभने मैले कसैको गाँस खोसेको छैन । रामको मूर्ति स्थापना ( प्राणप्रतिष्ठा) कार्यक्रम र त्यसको व्यापक प्रचारप्रसारले भारतीय राजनीतिलाई तरंगित पारेको छ । यसको बाछिटा अरू देशतिर पुग्ला भन्ने अनुमान पनि छ ।

विशेषगरी नेपालजस्तो अति नजिकको छिमेकीको वातावरणमा कस्तो प्रभाव पर्ला भन्ने पनि त्यस्तै चासो छ । अयोध्याप्रति धेरै चासो भाजपाको राम जन्मभूमिको लामो अभियान र भारतलाई हिन्दु सभ्यताको केन्द्र बनाउने उद्देश्यसित गाँसिएको छ । भारतलाई एक सभ्यतामुखी देश बनाउने एजेन्डाका साथै हिन्दुत्वको गतिविधि अघि बढाउने थलोका रूपमा लिई राजनीतिक अभीष्ट पूरा गर्ने ध्येयले भाजपा अघि बढिरहेकाले विविधतामा अडेको सामाजिक र राजनीतिक अवस्थामा तलमाथि पर्ला कि भन्ने आशंका बढेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले यस अभियानमा विशेष सक्रियता देखाउँदा आगामी निर्वाचनलाई आफ्नो पक्षमा पार्न यस्तो महत्त्व दिएको भन्ने डर पनि विपक्षी र अन्य सचेत वर्गमा परेको छ ।
आज विश्वमा राजनीतिक धर्म ( पोलिटिकल रिलिजन) को प्रवृत्तिको आडमा घोर दक्षिणपन्थी राजनीति अघि बढिरहेको छ । यसले अधिनायकवादलाई बढाएको आभास पाइन थालेको छ ।

भारत र अन्य कतिपय देशमा धर्मका नाममा द्वन्द्व चर्किरहेको र यसले लोकतन्त्रप्रति वितृष्णा फैलाई पुराना रूढिवादी मान्यता र कामगराइ त अघि बढिरहेको छैन भन्ने डर आज सबै लाकतान्त्रिक देशमा पर्न गएको छ । भाजपाको उद्देश्य हो– भारतको पहिचान प्राचीन सभ्यता र संस्कृतिसित जोड्दै राष्ट्रनिर्माण गर्नु । तर यसो गर्दा अब धर्म र राजनीति छुट्टिन गाह्रो भएको छ । देशको राज्य व्यवस्था यस्तै पौराणिकतामा संगठित भइरहेकाले सबै दक्षिण एसियाली क्षेत्रलाई बृहत् भारतवर्ष बनाइने प्रयास त भइरहेको छैन भन्ने प्रश्न पनि उठ्न थालेको छ ।

हिन्दू धर्म त्यसै पनि फराकिलो र उदार भएकाले यो लचिलो छ, यसमा अतिवाद पाइँदैन । तर धर्मले संकुचित राजनीतिक हतियारको रूप लियो भने अरू धर्म र सम्प्रदाय पनि यसको प्रतिकारमा उत्रिने सम्भावना रहन्छ । आज भारतमा हिन्दुत्व न कि हिन्दुवाद भन्ने तिखो बहस चलिरहेकाले समाज र धार्मिक समुदायहरू ध्रुवीकृत भइरहेका छन् । धार्मिक स्थल भनिँदै आएका ठाउँहरू दलविशेषको क्रीडास्थल भए सामाजिक विभाजन अरू तीव्र भई देश र लोकतन्त्रलाई घात गर्नेछ ।

भाजपाले उठाएको हिन्दु संस्कृतिमा आधारित व्यवस्था आफैंमा नराम्रो होइन । किनभने, करिब १ हजार वर्ष मुसलमानले शासन गरेकाले भारतमा आफ्नै मौलिक संस्कृति ओझेल परेको थियो । हिन्दुहरूको धार्मिक परम्परा – जसलाई सभ्यता भन्दा हुन्छ – को रक्षाका लागि उग्र प्रतिकार गर्ने क्षमता नदेखाउँदा मुसलमान शासकले सजिलै त्यतिका वर्ष राज गरे । भारतमा अंग्रेजले मुसलमान शासकहरूलाई पराजित गर्दै नलगेका भए र अंग्रेज असफल भएका भए सायद भारतमा स्वतन्त्रताको आन्दोलन हुने थिएन र इस्लाम आधिपत्य लामो समय कायम हुने सम्भावना थियो ।

अंग्रेजको लामो इतिहास, धर्म र राज्यको मध्ययुगीन लडाइँको ज्ञान भएकाले नै आज पोप सरकारी कामकाजमा हावी हुन पाउँदैनन् । राज्यको आफ्नै काम र चर्चको क्षेत्र अर्कै भएको मान्यतामा आधारित राज्यव्यवस्था भनेकै धर्मनिरपेक्षको मान्यता हो । लोकतन्त्रमा राज्यको आफ्नै घोषित धर्म हुँदैन । धर्मनिरपेक्षतालाई लोकतन्त्रको एक आधारभूत सिद्धान्तका रूपमा मानिएको छ ।

धर्म र राजनीतिको भेद नबुझ्दा या धर्मलाई राजनीतिक हतकण्डाका रूपमा प्रयोग गर्दा राजनीतिक-धार्मिक विवाद बढ्न थालेको हो । तर युरोपेली देशहरूले धर्म र उपनिवेशलाई साथसाथै अघि बढाए र कतिपय अवस्थामा पहिले बाइबल अनि बन्दुक र रणनीति प्रयोग गरी विश्वस्तरमा प्रभुत्व जमाए । तर आफ्नो धर्मर् अरूलाई लादेनन् । भारतमा अंग्रेज शासनले भारतीय राष्ट्रिय आन्दोलन अघि बढाउन सहयोग पुऱ्यायो ।

उनीहरू लामो संघर्षपछि प्राप्त उदार लोकतान्त्रिक व्यवस्थामा विश्वास गर्थे जसले गर्दा भारतका नेता-बुद्धिजीवी सबै यस्तै परम्परामा दीक्षित भए । उनीहरूलाई आफ्नो हराएको सभ्यता, संस्कृति र पहिचानको खोज गर्ने प्रेरणा मिल्यो । अतः उपनिवेशवादले मुस्लिम शासनको अन्त्य गरी नयाँ भारत निर्माणको बाटो बनाइदियो । यो एक किसिमको लामो संक्रमणकालीन अवस्था थियो । अंग्रेज शासनले भारतीय साधनस्रोतको दोहन गरी जनस्तर उठाउन ठोस काम नगरेको भए पनि भारतीय पुनर्जागरणको युगको थालनी गर्न ठूलो मद्दत गऱ्यो । सन् १७५७ को प्लासीको लडाइँदेखि सन् १९४७ सम्म अनेक घात-प्रतिघात भए तर यहीबीच भारतले उदार लोकतन्त्रको राम्रो अभ्यास गर्ने (इन्टर्नसिप) समय पनि पायो जसको फल आजको भारतको संविधान हो । अनेक दार्शनिक, चिन्तक, संविधानविद् र राजनेताको भूमिकाको पृष्ठभूमि अंग्रेज शासनकै समयमा बन्यो । त्यसैमा दीक्षित नेतृत्वले भारतको राजनीतिलाई स्थायित्व दियो र पश्चिमी प्रभावबाट आएका लोकतन्त्रका मान्यता ग्रहण गरी संस्थागत विकासमा प्रगति गऱ्यो ।

आज (जनवरी २६) भारत ७५ औं गणतन्त्र दिवस मनाइरहेको छ । विश्वमा आफ्नो पहिचानको नयाँ रूप देखाउन लागिरहेको छ । सरकार परिवर्तन भए पनि व्यवस्था परिवर्तन गर्ने वा राजनीतिक दल वा नेताको असफलतालाई व्यवस्थाको असफलता मानिँदैन । यसका अभ्यासक्रममा अनेक समस्या झेल्नुपरे पनि लोकतन्त्रको विकल्पमा सडेगलेको पुरानो अधिनायकवादी तन्त्र ल्याउने कुरा चलेको कतै पाइँदैन । यसै व्यवस्थाभित्र भारतले विकासमा फड्को मारिरहेको छ एवं अब विश्वगुरुको पहिचान र आफ्नै सभ्यतामा आधारित राज्य ( सिभिलाइजेसनल स्टेट) बनाउने अभियानमा लागेको छ ।

बाँकी तेस्रो पृष्ठमा

## सडक व्यापार.........

होइन । विपन्न नागरिकका सन्दर्भमा तिनले झनै अर्थ राख्छन् । मौलिक हकअन्तर्गत प्रत्याभूत मर्यादापूर्वक बाँच्न पाउने हक, समानताको हक, सामाजिक न्याय र सामाजिक सुरक्षाको हक, कानुनी नियमनको अधीनमा रहेर नेपालभर जहाँकहीँ व्यापार-व्यवसाय गर्ने स्वतन्त्रता र सम्पत्तिको हक किमार्थ हुनेखानेका लागि मात्रै होइनन् । जीविकोपार्जनका अन्य विकल्प नभएर स्वरोजगारयुक्त सडक व्यापारमा लाग्नेहरूका लागि त्यतिकै उपभोगयोग्य हुन् । निषेध मानव अधिकारको दृष्टिकोणबाट मात्रै गलत होइन । गरिब जनतालाई खेदाउने कुराले अन्ततः पर्यटन व्यवसायमा समेत गम्भीर नकारात्मक असर पार्छ । अन्तर्राष्ट्रिय तहमा मुलुकको मानवअधिकार र समावेशी छविलाई बर्बाद पार्छ । सिंगापुरजस्ता आधुनिक सहरमा समेत हकर ट्रेड र त्यससँग जोडिएको परम्परागत खाद्य संस्कृतिको प्रवर्द्धन गरेर त्यसलाई युनेस्कोको विश्व सांस्कृतिक सम्पदामा सूचीकरण गराइएको उदाहरण छ । यसले विश्वभरका पर्यटकलाई आकर्षित गरेकोबाट पनि सिक्नुपर्छ । सम्पदा भनेका मठमन्दिर मात्रै होइनन् ।

जनताको जीवनशैली, जीविकोपार्जनका लागि अवलम्बन गरेको परम्परागत उपाय, उनीहरूको सामूहिक विवेक, ज्ञान र परम्परागत खाद्य संस्कृति पनि सम्पदा नै हुन् । तिनलाई संरक्षण गर्दा नै विश्वस्तरको आधुनिक र सभ्य सहर बन्न सकिन्छ भन्ने चेत सबै तहका शासकमा उमार्न जरुरी देखिएको छ । सिंगापुरको मात्रै कुरा होइन । भारतले पनि सडक व्यापार-व्यवासायलाई अर्थतन्त्रको अभिन्न अंगका रूपमा मान्यता दिएको छ । सडक व्यापारीहरूको समग्र हकहित र जीविकोपार्जनको संरक्षणका लागि सन् २०१४ मै त्यहाँ संघीय ऐन बनाइएको छ । ऐनलाई आधार बनाएर भारत सरकारले विभिन्न स्किम कार्यान्वयनमा ल्याएको छ । सडक व्यापारीलाई लक्षित गरेर सन् २०२० मा प्रधानमन्त्री स्वनिधि योजना लागू गरिएको छ । यो योजनाअन्तर्गत अहिलेसम्म ५० लाख सडक व्यापारी बिनाधितो सहुलियतपूर्ण कर्जा प्राप्त गरेर लाभान्वित भएको भारत सरकारले दाबी गरेको छ । पछिल्लो समय चीनलगायतले पनि सडक व्यापार रोजगारी सृजनाको महत्त्वपूर्ण आधारका रूपमा मान्यता दिँदै गएका छन् । बैंककमा पर्यटन व्यवसायको एउटा महत्त्वपूर्ण आकर्षण सडकमा खानेकुराको व्यापार हो भन्ने तथ्य सर्वत्र स्थापित छ । यी उदाहरणबाट पनि सडक व्यापारलाई निरपेक्ष रूपमा निषेध गर्ने होइन कि कानुनी हैसियत प्रदान गरेर यसको समुचित नियमन गर्नु विश्वपरिवेशमा स्वाभाविक हुन्छ भन्ने स्पष्ट हुन्छ । सडक व्यापार गर्ने नागरिकप्रति राज्यको व्यवहारलाई मानव अधिकारमैत्री बनाउन संघीय सरकारले ठोस पहलकदमी लिन धेरै विलम्ब भइसकेको छ । मौलिक हक पालनाको विषयमा स्थानीय सरकारलाई निर्देशन दिन सक्ने गरी संविधानको धारा १३२(८) र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११४ ले संघीय सरकारलाई अधिकार दिएको छ । यो अधिकारको प्रयोग गरेर उपयुक्त विकल्पबिना सडक व्यापारबाट कसैलाई पनि विस्थापन नगर्ने, पञ्जीकरण गरी उनीहरूलाई परिचयपत्र दिने, व्यापारको किसिम तोकेर इजाजत दिने, व्यापार गर्न पाउने उपयुक्त एवं पर्याप्त समय र स्थान निर्धारण गर्ने, सरसफाइका नियमहरू तोक्नेलगायतका उपायहरू अपनाएर नियमन र व्यवस्थापनको अन्तरिम प्रबन्ध गर्नका लागि सबै पालिकालाई निर्देशन जारी गर्नुपर्छ । साथै तीनै तहका सरकारहरूबीचको पारस्परिक समन्वय र सहकार्यमा सडक व्यापार गर्ने स्वरोजगार नागरिकहरूको कानुनी हैसियत, सामाजिक संरक्षण प्रदान गरी समग्र हकहितको दिगो र प्रभावकारी संरक्षण गर्ने गरी संविधानले निर्दिष्ट गरेबमोजिम आवश्यक संघीय कानुन निर्माण गर्ने र त्यसको यथोचित कार्यान्वयन गर्न पनि संघीय सरकारले तत्काल पहल गरोस् । यो उसको तजबिज होइन, बाध्यात्मक दायित्वको विषय हो । त्यसको इमानदार पालना होस् । इकान्तिपुर

## धर्म र......................

रामराज्यको परिकल्पना भनेको असल शासन हो । त्यहाँ भ्रष्टाचार, ठगी, चोरी, बिचौलियाको बिगबिगी केही हुँदैन । जनमुखी हुने भनेकै मर्यादित रामको शासन जस्तो हुने भन्ने हो । धर्म भनेको मूर्तिपूजा, कर्मकाण्ड होइन तर धेरैजसोले यही बाटामा आफ्नो आचरण सुध्रिने विश्वास गर्छन् । 'मुखमा रामराम बगलीमा छुरा' धर्म होइन । व्यक्तिविशेष जतिसुकै धेरै मन्दिर धाए पनि, होम गरे पनि आचरणमा परिवर्तन भएन भने त्यो आडम्बर मात्र हुन्छ । लोकतन्त्रमा धर्म भनेको जनप्रेमी, दया र करुणाको अभ्यास गर्नु हो । मलाई कर्मकाण्डमा विश्वास छैन तर आफूलाई अधर्मी ठान्दिनँ, किनभने मैले कसैको गाँस खोसेको छैन । समाज कल्याणमा आफ्नो गच्छेअनुसार लाग्न सकूँ भन्ने उत्कट अभिलाषा छ । अन्याय नसहनु, साँचो कुरा गर्नु र राग-द्वेष भरसक त्याग्नु नै धर्म हो । तर विडम्बना के छ भने, मानिसहरूले आफ्नो महत्त्वाकांक्षाका लागि धर्मलाई हतियारका रूपमा प्रयोग गरिरहेका छन् । कोही कुनै एजेन्डा नपाएर हिन्दुराष्ट्र बनाउने अभियानमा लागेका छन्, अरू कोही स्थापित गणतन्त्रलाई अचानो बनाई मार्न उद्यत छन् । उनीहरूमा न दूरदृष्टि छ, न त कुनै योजना । आजका केही विसंगति र कमजोरीका बलमा यी जुर्मुराउन खोज्छन् । यो त राजनीतिको चलन नै भएको छ । चुनावमा यस्ता भ्रष्ट र अयोग्य नेतालाई पाखा लगाए त भइहाल्छ, किन अन्य बहाना खोज्नु ? उनीहरू गरिब, दलित र असहायका कति हिमायती छन् ?

अयोध्यामा देखिएको तामझामले नेपालमा पनि मोदी जादु चल्छ कि भनी आस गर्नेहरू पनि छन् । भारतमा जे हुन्छ यहाँ पनि त्यही हुन्छ भन्ने आधार छैन । हिन्दुत्वको एजेन्डाले भारतलाई हित गर्ने आधार अत्यन्त कमजोर छ । नेपाल र भारतको स्थिति फरक छ । नेपाली समाजको संरचना भारतको भन्दा बेग्लै छ । यो समाज त्यसै पनि उदार, सहिष्णु, समन्वयकारी छ । सबै धर्मको सम्मिश्रण (सिन्थेसिस) ले नेपाली समाज बनेकाले यहाँ धार्मिक अतिवाद छैन ।

सबैले सबै धर्मको संरक्षण र मर्मको पालना गरेका छन् । भारतमा जस्तो इस्लाम र इसाई धर्मको ऐतिहासिक बिगबिगी यहाँ थिएन र छैन । कुनै धर्मको प्रचारमा केही गतिविधि भए पनि त्यसको प्रभाव कम छ । सबैले आआफ्ना धर्ममा आस्था राखेका छन् । अर्काले धर्मका नाममा दंगा गराउन खोजे पनि जनता आफैंले समाधान खोज्ने गरेका उदाहरण छन् । संविधानमा एक शब्द धर्मनिरपेक्ष राख्ता सबैको चित्त बुझ्छ भने यसमा वितण्डा किन मच्चाउनुपर्‍यो ? खालि राजनीतिक दुनो सोझ्याउन मात्र यस्ता असान्दर्भिक बहस उठाइरहनु किन पर्‍यो ?

नेपालको समस्या भनेको राजनीतिक नेता पीँधबिनाका लोटा हुनु हो । उनीहरूको सैद्धान्तिक धरातल बलियो भए अरूले जेजे गर्छन् हामीले त्यही बाटो लिनुपर्दैन । नेपाल त्यसै पनि हिन्दु, बौद्ध शैव, किरात आदि धर्म-संस्कृतिमा उभिएकाले यसको आफ्नै परम्परा छ । त्यसैले सबै धार्मिक छन् । यसका लागि हिन्दुराष्ट्रको रटान लगाइरहनु पर्दैन । इकान्तिपुर

## त्रिभुवन..................

आइतबार दिउँसो उनीहरूको स्थानमा अन्य प्रहरीलाई ड्युटीमा खटाइएको गृहमन्त्रालयले जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता नारायण भटराईका अनुसार ती प्रहरीलाई ड्युटीमा खटाइएको छैन।उनीहरुलाई कारबाही गरेको नभई जिम्मेवारी मात्रै हेरफेर गरिएको हो। 'छानवीन हुँदैछ सो प्रकृया पूरा नहुन्जेल उनीहरुलाई डिउटीमा खटाइएको छैन', प्रवक्ता भट्टराईले भने । निजामती कर्मचारी संगठनका प्रतिनिधिहरूले उनीहरूलाई तीन दिनभित्र कारबाही नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी दिएका थिए। उनीहरूले गृहमन्त्री श्रेष्ठलाई भेटेर प्रहरीबाटै कर्मचारीहरू असुरक्षित भएको जानकारी गराएका थिए।

उनीहरुले कर्मचारी कुटपीट गर्ने प्रहरीलाई कारवाही नगरेमा देशभर आन्दोलन घोषणा गर्ने जनाएका थिए ।शनिबारबाट विमानस्थल अध्यागमन कार्यरत कर्मचारीहरूले कालो पटी बाँधेर काम गरिरहेका थिए।

शुक्रबार दिउँसो अध्यागमन कार्यालयका अधिकृत छायालाल मोक्तानलाई प्रहरीले निर्घात रूपमा कुटपिट गरेका थिए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख गोगन हमालमाथि पनि विमानस्थलमा खटिएका प्रहरीले हातपात गरेका थिए। अध्यागमनका एक अधिकृत छायालाल मोक्तानमाथि हातपात गरेको विषयमा हमालले प्रश्न उठाउँदा ती प्रहरीले हमालमाथि नै हातपात गरेका थिए ।

सरकारले छानबिन समिति नै बनाएर घटनाको अध्ययन गरिरहेको छ। प्रारम्भिक विवाद र कुटपिटका भएको बेलाको 'सिसिटिभी फुटेज' पनि सार्वजनिक भइसकेको छ। त्यही दृश्यलाई हेरेर पक्ष/विपक्षमा बहस पनि चलिरहेको छ। घटनामा संलग्न दुवै पक्षले आ-आफ्नो कमजोरी भने स्विकारेका छैनन्। दुवै पक्ष एकअर्काविरुद्ध आमनेसामने भएका छन्। घटनामा संलग्न व्यक्तिहरू मात्र नभई उनीहरूसम्बद्ध संगठनहरू नै आफ्नाको बचाउमा उभिएका छन्। घटनामा अध्यागमनका कर्मचारीहरुले प्रहरीले आफूमाथि हातपात गरेको बताएको छ भने प्रहरीले प्रतिरक्षा मात्रै गरेको दाबी गरेको छ। सार्वजनिक भिडियोमा भने अध्यागमन कर्मचारीले पनि हात हालेको देखिन्छ। डिसी नेपाल

## विवादित.................

नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले भोग चलन गर्ने अनुमति दिनु हुँदैन ।' वीरगंजमा राष्ट्रिपति सहभागी हुने भन्दै धार्मिक कार्यक्रमको तयारी तिब्र पारिएपछि यसबारे राष्ट्रपति कार्यालयले पनि चासो देखाएको छ । राष्ट्रपति कार्यालयले वीरगंजमा हुने कार्याक्रमबारे जानकारी नभएको र कार्यक्रममा सहभागिताबारे कुनै निर्णय नै नभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए । 'वीरगंजको कार्यक्रमबारे हामीलाई जानकारी छैन्,' राष्ट्रिपतिका प्रेस संयोजक पोखरेलले भने ,''अहिलेसम्म त्यहाँ जानेबारे कुनै कार्यक्रम र निर्णय भएको छैन। वीरगंजका मेयरले किन फोसबुकमा यो विषय कसरी सार्वजनिक गरे थाहा छैन ।' सरकारी निकायले छानबिन गरिरहेको र सार्वजनिक रुपमा विवादित व्यक्तिले आयोजनमा गर्ने कार्यक्रममा सकेसम्म सहभागी नहुने नीति राष्ट्रपति कार्यालयको रहेको पनि पोखरेलले बताए ।

## मधेशमा..................

पछ्याउँदै आएको छ । तर प्रदेश स्वास्थ्य निर्देशनालयको यो तथ्याङ्कले मधेश प्रदेशमा प्रति १० हजारमा कुष्ठरोगको प्रकोप दर (प्रीभिलेन्स रेट) १ दशमलव ५ प्रतिशत देखाएको छ । "यो अवस्था चिन्ताजनक हो ।

यसको निवारणका लागि समुदायमा आधारित सघनरुपमा कार्यक्रम सञ्चालन गर्दै आएका छौं" प्रदेश स्वास्थ्य निर्देशक डा. झाले भन्नुभयो । कुष्ठ रोगबाट महोत्तरीको अवस्थामा पनि उत्तिकै चिन्ताजनत रहेको तथ्याङ्कले देखाएको छ । स्वास्थ्य कार्यालय महोत्तरीका क्षयकुष्ठ अधिकृत उमेश यादवका अनुसार ०८० साल असारसम्म महोत्तरीमा यसका रोगीको सङ्ख्या ८७ जना पुगेको छ । यसमध्ये सर्ने खाले ५७ जना रहेको उहाँले बताउनु भयो । यो सङ्ख्याले महोत्तरीमा कुष्ठरोगको प्रिभिलेन्स दर १ दशमलव ४७ प्रतिशत रहेको यादवले बताउनुभयो ।

यादवका अनुसार महोत्तरीका १५ स्थानीय तहमध्ये बर्दिबास र गौशालाबाहेक बाकी १३ वटै पालिकामा यसको प्रकोप बढदो क्रममा छ । सबैभन्दा बढी एकडारा गाउपालिकामा ४ दशमलव ०९ प्रतिशत, औरहीमा ३ दशमलव १५ प्रतिशत, समसीमा २ दशमलव ०७ प्रतिशत, महोत्तरी गाउँपालिकामा २ दशमलव १९ प्रतिशत, मनरा सिसवामा १ दशमलव ८१, पिपरामा १ दशमलव ६९ बलवामा १ दशमलव ६५ प्रतिशतमा कुष्ठरोगी रहेको यादवले जनाउनुभयो । बर्दिबास र गौशालामा भने प्रतिदश हजार एक जनाभन्दा कम अर्थात शून्य दशमलव ७५ प्रतिसत र शून्य दशमलव ३४ प्रतिशत छ । प्रदेश स्वास्थ्य निर्देक डा. झाले समस्या बन्दै गएको कुष्ठरोग निवारणका लागि उपचार, निदान र प्रचारात्मकरुपमा प्रदेशभर अभियान सञ्चालन गर्दै आएको बताउनुभयो ।

कुष्ठरोग निवारणका लागि सन १९९१ मा स्थापना भएको लालगढ कुष्ठ रोग असपतालले स्थापनाको ३३ वर्षको अवधिमा नेपाल र भारतका गरी ४१ हजार कुष्ठरोगीको उपचार गरेको असपतालका सामुदायिक स्वास्थ्य तथा विकाश विभाग प्रमुख रमेश चौधरीले जनाउनुभयो । 'कुष्ठरोगसम्बन्धी गलत धारणाको अन्त्य गरौ, मर्यादित व्यवहार गरौं' भन्ने मूल नारासहित लालगढ कुष्ठरोग असपतालले विभिन्न स्वास्थ्य संस्थाको सहकार्यमा आज (आइतबार) ७१ औं कुष्ठरोगविरुद्धको दिवस मनाइरहेको छ ।

## सौन्दर्यकरणका....

बाक्लो उपस्थिति घण्टाघरवरिपरि लाग्ने गरेको छ । महानगरले घण्टाघर सहित शंकराचार्यद्वार, पशुपति मन्दिर लगायत सडकका पोलमा समेत आकर्षक वत्तीको साजसज्जा गरेको छ । शनिबार राति घण्टाघरको बत्ती तोडफोड गरिएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई नियन्त्रणमा लिएको छ। उनिहरुलाई वडा प्रहरी कार्यालय विर्ताको हिरासतमा राखेर अनुसन्धान भईरहेको प्रहरी निरीक्षक पुष्कर बोगटीले जानकारी दिए। वीरगन्जलाई सफा सुन्दर बनाउन महानगर लागिरहेका बेला केही विकास विरोधी तत्वले त्यसलाई विगार्न लागि परेको वीरगन्जवासीले महसुस गरेका छन् । महानगरका मेयर राजेशमान सिंहले सौन्दर्यकरण गरिएका संरचना तोडफोड र चोरी हुनु निन्दनीय रहेको बताए । सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व सबैको हो" उनले भने, "घण्टाघर उज्यालो र आकर्षक बनाउन जडान गरिएको बत्ति तोडफोड र चोरी हुनु दुःखद हो ।"




**मेष**



पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ।

**बृष**



कामको मेसो नमिल्दा पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न धेरै श्रम गर्नुपर्ला। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

**मिथुन**



छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। आवेशको व्यवहार तथा सानो असमझदारीले आफन्तजन टाढिन सक्छन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**कर्कट**



अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्।

**सिंह**



परिस्थितिवश पहिलेको निर्णय फेरिन सक्छ। नयाँ जिम्मेवारी थपिनेछन्। तर अरूका काममा समय बित्न सक्छ। प्रयत्न गर्दा केही काम बन्नेछन् र पछि फाइदा हुने काम सम्पादन गर्न सकिनेछ। आशा देखाउनेहरूले धोका दिनेछन्। अध्ययनतर्फ लक्ष्य पूरा नहुन सक्छ। किनमेल गर्दा तत्काल आवश्यक नभएको वस्तुतर्फ अधिक खर्च हुनेछ।

**कन्या**



पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ। साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ। रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त हुनेछ।कामको उपलब्धिले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**तुला**



आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। टाढाको यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला। सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ।

**वृश्चिक**



प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल-अचल धनको उपयोगबाट फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ।

**धनु**



नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। व्यवसायमा सोचेको प्रगति हुनेछ। कर्मयोगले मानसम्मान समेत दिलाउनेछ।

**मकर**



प्रयत्न गर्दा अवसर पाइनेछ। परोपकारी काममा सहभागी भइनेछ। तर आफ्ना कमजोरीको फाइदा उठाउनेहरू निकै सक्रिय हुनेछन्। धेरै समय अरूका लागि जुट्नुपर्नेछ। लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला। श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र प्राप्त हुने देखिन्छ। हिसाबकिताबमा होसियार रहनुहोला। व्यावसायिक कामलाई निरन्तरता दिन सकिनेछ।

**कुम्भ**



अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। अवसरका लागि केही त्याग गर्नुपर्ला। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। पहिलेका कमजोरीमा क्रमशः सुधार आउनेछ।

**मीन**



घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ। परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ। नयाँ परिवेशमा पुगिनेछ, नयाँ साथीभाइ भेटिनेछन्। प्रेमको बन्धन कसिनेछ। साथीभाइ र सहयोगीहरूले साथ दिनेछन्। पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। भौतिक सुविधा जुटाउन सकिनेछ।

# ‘प्रहरी मेरो साथी, किर्ते गर्ने मेयर कानुन भन्दा किन माथि ?’

*वीरगंज, १४ माघ ।*

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहलाई कारबाही माग गर्दै वीरगंजमा प्रर्दशन भएको छ ।

सचेत नागरिक समाज वीरगंजले आइतबार वीरगंजमा सिठी जुलससहित प्रदर्शन गरेको हो । वीरगंजको घण्टाघरबाट निकालिएको र्‍याली माईस्थान, महावीरस्थान, अलखियामठ, आदर्शनगर, घडिअर्वा हुँदै पुनः घण्टाघरमा आई कोण सभामा परिणत भएको थियो ।




नागरिकता किर्ते गर्ने मेयरलाई कारबाही माग गर्न अपील गरिएका विभिन्न पर्चा पम्पलेट बोकेर सहभागीहरु प्रर्दशनमा उत्रिएका थिए । सिठी जुलुसमा ‘प्रहरी मेरो साथी, किर्ते गर्ने मेयर कानुन भन्दा किन माथी’ जस्ता प्रश्न सोधिएका ब्यानरहरु प्रयोग गरिएको थियो ।

कोणसभालाई वीरगंज महानगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष तथा जसपा नेता मनोज राउत कुर्मी, जनमत पार्टीका नेता मुकेश द्विवेदी, शशिकपुर मिया, पुर्व कृषिमन्त्री करिमा बेगम, एमालेका नेता अजय गुप्ता, लियाकत अलि, नेपाली कांग्रेसबाट अनिल सिंह, जमिला खातुन, मिन्टु सिंह, किरण सरकार, नेविसंघका सभापति रमेश यादव लगायतले सम्बोधन गरेका थिए । प्रदर्शन पछिको कोण सभामा बोल्दै नेताहरुले मेयर सिंह बाबु बनेर जारी गरिएको नागरिकता खारेजसँगै मेयर सिंहलाई कारबाही गर्नुपर्ने माग राखे । मेयर सिंहले नक्कली बाबु बनेर रुबिना श्रेष्ठ नाम गरेकी युवतिलाई नागरिकता दिलाएको विषय सिधाकुराले पुस २४ गते खुलासा गरेको थियो । मेयर सिंह बिरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सा र जिल्ला प्रहरी कार्यालयमा छुट्टा-छुट्टै गरी १६ जनाले जाहेरी दिइसकेका छन् । मेयर सिंहलाई कार्वाहीको माग गर्दै वीरगंजमा नियमित प्रदर्शन भइरहेको छ ।

# तीन तहका सरकारका बीचमा देखिएका अन्यौलता अब हट्नेछन् : प्रधानमन्त्री दाहाल



*काठमाडौं, १४ माघ ।*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले अधिकारका विषयमा संघ, प्रदेश र स्थानीय सरकारबीच रहेका अस्पष्टता हटेर जाने विश्वास व्यक्त गरेका छन्। उनले भने, “एकल तथा साझा अधिकारबारे देखिएका अन्यौलता तीनै तहबाट हट्नेछन्।” सिंहदरबारमा आज आयोजित कार्यविस्तृतीकरण परिमार्जनको मस्यौदा प्रतिवेदनमाथिको उच्चस्तरीय छलफलमा प्रधानमन्त्री दाहालले तीनै तहका संवैधानिक अधिकार र संवेदनशीलता विचार गरेर तहगत अधिकारलाई थप प्रस्ट पारिने बताए। उनले तीनै तहका सरकारको अधिकारमा स्पष्टता आएपछि मात्र हरेक तहको सेवा प्रवाहमा सुधार भई संघीय शासन प्रणालीको औचित्य पुष्टि हुने उल्लेख गरे। “तीनै तहका सरकारबाट प्राप्त सुझाव, अभ्यास र अनुभवका आधारमा मस्यौदा तयार गरिएको छ,” प्रधानमन्त्री दाहालले भने, “यो प्रतिवेदन राष्ट्रिय समन्वय समितिले स्वीकृत गरेपछि विगतका अस्पष्टता क्रमशः हटेर जान्छन्।” संविधानले सङ्घीयताको सम्बन्धमा स्वीकार गरेका सिद्धान्त, सङ्घीय शासन अपनाएका मुलुकका अनुभव र विज्ञहरूको सुभावका आधारमा मस्यौदा प्रतिवेदन तयार गरिएको उनले स्पष्ट पारे। प्रधानमन्त्री दाहालले क्षेत्रगत समितिबाट प्राप्त मस्यौदा प्रतिवेदन राष्ट्रियस्तरका स्वतन्त्रविज्ञहरूले संवैधानिक व्यवस्था, आवश्यकता, तहगत सरकारको क्षमता, अन्तरराष्ट्रिय अभ्यास र औचित्यका आधारमा अन्तिमरूप दिइएको जानकारी दिए।उच्चस्तरीय छलफलबाट आएका सुझावलाई समेटिने उल्लेख गर्दै प्रधानमन्त्री उनले भने, “प्रतिवेदनलाई समृद्ध तुल्याएर तीन तहका सरकारका बीचमा रहेका अस्पष्टता हटाइनेछ, अन्यौलता र दोहोरोपन हटाउन यो प्रतिवेदन सहयोगसिद्ध हुनेछ।” छलफलमा उपप्रधानमन्त्रीरू, राष्ट्रियसभा एवं प्रतिनिधिसभाका विषयगत समितिका सभापतिहरू, सांसदहरू, विभिन्न पार्टीका नेताहरू, मुख्यसचिव एवं विभिन्न मन्त्रालयका सचिवहरू एवं विज्ञहरूको उपस्थिति रहेको थियो। डिसी नेपाल

# प्रेस सेन्टर नेपालको केन्द्रीय समितिको बैठक बीरगञ्जमा जारी, भोली विहान प्रभात फेरि

*वीरगञ्ज, १४ माघ ।*

प्रेस सेन्टर नेपालको केन्द्रीय समितिको बैठक बीरगञ्जमा जारी छ । २० औं स्थापना दिवसको अवसरमा आयोजीत ३ दिने कार्यक्रम अन्तर्गत आज दोस्रो दिन केन्द्रीय समितिको बैठक बसेको हो ।




बीरगञ्जको नगर सभा गृहमा बिहान ९ बजे बसेको केन्द्रीय पदाधिकारीहरुको बैठकले केन्द्रीय समितिको बैठकमा बसेको थियो । बीरगञ्जमा जारी कार्यक्रममा देशभरिबाट ५ सय जना प्रेस सेन्टरका प्रतिनिधिहरुको सहभागिता रहेको प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष गोबिन्द देवकोटाले जानकारी दिए । कार्यक्रम तेस्रो दिन विहान ८ बजेदेखि घण्टाघरबाट प्रभात फेरि कार्यक्रम पनि राखिएको उपाध्यक्ष देवकोटाले बताए । त्यसपछि प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले सम्बोधन गर्ने कार्यक्रम रहेको प्रेस सेन्टरले जनाएको छ । वीरगञ्जको नगर सभा गृहमा स्थापना दिवस तथा पुरस्कार वितरण कार्यक्रम राखिएको जनाइएको छ।२० औं स्थापना दिवसको कार्यक्रममा केन्द्रीय पदाधिकारी, विभिन्न समिति र उप समिति सदस्यहरु, केन्द्रीय सदस्यहरु, जिल्ला, एशोसियटलगायतका कमिटीका अध्यक्ष तथा प्रदेश पदाधिकारीहरुको कार्यक्रममा सहभागिता छ ।

# सिस्ट्री खोला जलविद्युत् आयोजनाको भौतिक संरचना निर्माण तत्काल नगर्न सर्वोच्चद्वारा परमादेश

*काठमाडौं, १४ माघ ।*

सर्वोच्च अदालतले म्यादी मिस्ट्री खोला-२ जलविद्युत् आयोजनाको भौतिक संरचना निर्माण तत्काल नगर्न परमादेश गरेको छ ।

न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको संयुक्त इजलासले आज उक्त जलविद्युत् आयोजनाका कारण म्यादीमा रहेको तातोपानी कुण्ड सुकेर अपूरणीय क्षति पुग्ने उल्लेख गर्दै परमादेश दिएको हो।




तातोपानी कुण्डको प्राकृतिक स्रोतलाई प्रत्यक्ष असर पर्ने गरी मिस्ट्री खोला २ जलविद्युत् आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन मिति २०७८ फागुन २२ गते र २०७९ साउन २३ गते प्रारम्भिक वातावरणीय परीक्षणलाई पनि अदालतले बदर गरेको छ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संशोधन, भू-गर्भविज्ञको प्रतिवेदनसहितको प्रतिबद्धताको माग गरेकामा जबर्जस्ती साबिक पारित प्रतिवेदनबमोजिम निर्माण गर्ने भनी रेखाङ्कन गर्न थालेकाले सोही बमोजिम कार्यान्वयन भएमा पहिचान बोकेको तातोपानी कुण्ड नै सुकी अपूरणीय क्षति हुने उल्लेख गर्दै सो क्षेत्रका स्थानीय बासिन्दा रुमलाल पुन, खिममाया लिलिजासहित १८ जनाले रिट निवेदन दायर गरेका थिए।

उक्त जलविद्युत् आयोजना अन्नपूर्ण संरक्षित क्षेत्रभित्र पर्ने भएकाले संरक्षण क्षेत्रभित्र कस्तो कस्तो प्रकारको विकास-निर्माण गर्ने, विकासका लागि संरक्षित क्षेत्रभित्र प्रयोग गर्न दिदाँ सम्बन्धित विज्ञहरुसँग छलफल गरी एक वैज्ञानिक किसिमको गुरुयोजना तथा एकीकृत परियोजनाको कार्यविधि तत्काल कार्यान्वयन नगर्न परमादेशमा भनिएको छ। सो आयोजना अन्नपूर्ण संरक्षित क्षेत्रभित्र पर्ने भएको हुँदा सो क्षेत्रमा आदिम समयदेखि पिछडिएको जनजातिको बासस्थान भएको र उक्त क्षेत्रमा सार्वजनिक पाटीपौवा भएको, कृषि पेसा र तातोपानी कुण्डको कारण नै पर्यटन व्यवसाय सञ्चालन गरी जीविका चल्दै आएकाले उक्त आयोजनाले असर गर्ने आदेशमा छ।

उक्त विषयमा अधिवक्ताहरु पदमबहादुर श्रेष्ठ, शुभराज आचार्य, राज फुयाल, दिलराज खनाल, षटकोष श्रेष्ठ, आरजु कार्की, राकेशकुमार साह र विष्णुकुमार थोकरले बहस गरेका थिए।

# संघीय र प्रदेश गृहमन्त्रीको बैठक : प्रहरी समायोजन प्रक्रियालाई यथाशीघ्र अघि बढाउने निर्णय

*काठमाडौं, १४ माघ ।*

प्रहरी समायोजन प्रक्रियालाई यथाशीघ्र सम्पन्न गर्ने सम्बन्धमा संघीय गृहमन्त्री र प्रदेशका गृहमन्त्रीबीच छलफल भएको छ।

गृह मन्त्रालयले र प्रदेश सरकारबीच समन्वय र सहयकार्यलाई थप मजबुद बनाउने बैठकको निर्णय छ। सिंहदरबारमा आज उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र प्रदेश गृहमन्त्रीबीच भएको छलफलले प्रहरी समायोजन प्रक्रियालाई यथाशीघ्र अघि बढाउने निर्णय गरेको हो।



बैठकले मुलुकको शान्तिसुरक्षालाई थप सुदृढ बनाउने निष्कर्ष निकाल्दै संघीय गृह मन्त्रालय र प्रदेशका सुरक्षासँग सम्बन्धित मन्त्रालयले थप सहकार्य गर्ने निर्णयसमेत गरेको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। “बैठकले प्रहरी समायोजन ऐन र नेपाल प्रहरी तथा प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय गर्ने) सम्बन्धी ऐनलाई समयानुकूल बनाउने तथा शान्ति सुरक्षासँग महत्व राख्ने नेपाल प्रहरी ऐन, स्थानीय प्रशासन ऐनलाई यथाशीघ्र निर्माण गर्ने निर्णय गरेको छ”, उनले भने। आजको निर्णयलाई यही माघ १७ गते प्रधानमन्त्री पुपष्कमल दाहाल ‘प्रचण्ड’को अध्यक्षतामा हुने राष्ट्रिय समन्वय परिषद्मा पेस गर्ने तय भएको उनले बताए।

बैठकपछि बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रहरी समायोजनका सम्बन्धमा महत्वपूर्ण छलफल भएको जानकारी दिए । प्रहरी समायोजन र नेपाल प्रहरी तथा प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय गर्ने) सम्बन्धी ऐन २०७६ सालमा जारी भए पनि अहिलेसम्म प्रहरी समायोजन सम्पन्न हुन नसक्नु बिडम्बना भएको जनाउँदै उनले यही माघ १७ गते बस्ने राष्ट्रिय समन्वय परिषद्को बैठकले प्रहरी समायोजनलाई टुंगो लगाउने विश्वास व्यक्त गरे। छलफलमा सबै प्रदेशका आन्तरिक मामिला तथा गृह प्रशासन हेर्ने मन्त्री, गृह मन्त्रालयका सचिव, प्रहरी संगठनका प्रमुखलगायतको उपस्थिति थियो । डिसी नेपाल

# त्रिभुवन विमानस्थलमा कर्मचारी कुटपिट गर्ने प्रहरीको ड्युटी परिवर्तन

*काठमाडौं, १४ माघ ।*

निजामति कर्मचारीले देशभर काम ठप्प पार्ने चेतावनीपछि त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयभित्र कर्मचारी कुटपिट गर्ने प्रहरीको ड्युटी परिवर्तन गरिएको छ। गृहमन्त्रालयको निर्देशनमा आइतबारबाट उनीहरुको ड्युटी परिवर्तन गरिएको हो।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको निर्देशनमा ती प्रहरीलाई हटाइएको हो।

बाँकी तेस्रो पृष्ठमा



अध्यक्ष/प्रबन्ध निर्देशक :- दिपेन्द्र गिरी / सम्पादक :- शम्भु गिरी / बारा प्रतिनिधी :- अकबर हवारी / कार्यालय :- वीरंगज महानगरपालिका -११, पर्सा
सम्पर्क नं.- ०५१-५२४६०२, ९८४५०३५०५४ / Email :– mirmireujyaal315@gmail.com / giridipendra222@gmail.com / मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस / वीरगंज-१२, पर्सा